नेपाल सरकार

# शहरी विकास मन्त्रालय

अनुगमन तथा मुल्यांकन शाखा

श्री महानिर्देशक
दर्ता नं: १०४६
मिति: २०८१/१०/

पत्र संख्याः- ८१/८२-४
चलानी नं.:- १४०६

सिंहदरबार,
काठमाण्डौं, नेपाल।

शहरी विकास तथा भवन निर्माण विभाग
दर्ता नं.: ११८६
मिति: ०८१/१०/११

मिति : २०८१/१०/१०

आवास महाशाखा
दर्ता नं: ८८८
मिति: २०८१।१०।१२

खरिद अनुगमन मूल्याङ्कन तथा अभिलेख शाखा
दर्ता नं.: १८०
मिति २०८१/१०/१२

श्री शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाडौं।
श्री स्थानीय पूर्वाधार विभाग,पुल्चोक, ललितपुर।
श्री काठमाडौं उपत्यका विकास प्राधिकरण, अनामनगर, काठमाडौं।
श्री राष्ट्रिय आवास कम्पनि लिमिटेड, पुल्चोक, ललितपुर।
श्री नगर विकास कोष, नयाँ वानेश्वोर, काठमाडौं।
श्री अधिकार सम्मन्न वागमती सभ्यता एकीकृत विकास समिति, गुह्येश्वरी फाँट, काठमाडौं।
श्री संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय, सिंहदरवार, काठमाडौं।
श्री शहरी पूर्वाधार प्रविधि अनुसन्धान तथा तालिम केन्द्र बबरमहल, काठमाडौं।

**विषयः- सुझावहरु पठाइएको सम्बन्धमा।**

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको प.सं. ०८१/८२, च.नं. भ्र.नि./५२१/३३९९ , मिति २०८१।०९।२८ को पत्रानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारी र नेपाल सरकारका मुख्य सचिव, प्रदेश सरकार प्रमुख सचिव र विभागीय प्रमुखहरु, नियामिक निकाय र सार्वजनिक संस्थानका प्रमुखहरुको सहभागीतामा रहेको सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्यहरुको प्रभावकारिता विषयक अन्तरक्रियामा छलफल भए वमोजिम आयोगबाट प्राप्त भएका ३१ बुदें सुझावहरु (पाना-९) यसै पत्र साथ संग्लग्न गरिएको हुदाँ कार्यन्वयनका लागि निर्देशानुसार अनुरोध छ।

(ईशा श्रेष्ठ)
ईन्जिनियर

**बोधार्थः-**
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय ,सिंहदरवार।
श्री अख्तियार दुरूपयोग अनुसन्धान आयोग, नेपाल।
श्रीमान् सह-सचिवज्यू, भवन, आवास तथा योजना महाशाखा, शहरी विकास मन्त्रालय, सिंहदरवार।

फोनः ०१-४२११८८३, ४२११६७३ फ्याक्स नं.: ९७७-१-४२११८७३, ९७७-१-४२००२४६
इमेलः info@moud.gov.np, वेवसाइटः www.moud.gov.np

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सुशासन, भ्रष्टाचार नियन्त्रण तथा कर्मचारी पृष्ठपोषण शाखा

सिंहदरबार, काठमाण्डौ

प.सं. :- ०८१/८२

च.नं. :- भ्र.नि./५२१/३३९९

मिति :- वि.सं. २०८१/०९/२८

ने.स. :- ११४५ पोहेलाथ्व १४ आइतवार

विषयः सुझावहरू पठाइएको सम्बन्धमा ।

श्री मन्त्रालय, आयोग निकायहरु

(सबै)

उपरोक्त सम्बन्धमा मिति २०८१ कार्तिक २८ र २९ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारी र नेपाल सरकारका मुख्य सचिव, सचिव तथा प्रदेश सरकार प्रमुख सचिव र विभागीय प्रमुखहरु, नियामक निकाय र सार्वजनिक संस्थानका प्रमूखहरु समेत सहभागी रहेको सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्यहरुको प्रभावकारिता विषयक अन्तरक्रियामा छलफल भए बमोजिम आयोगबाट मन्त्रालयहरुलाई दिइएका ३१ बुँदे सुझावहरु र नियामक निकाय र सार्वजनिक संस्थानलाई दिइएका १३ बुँदे सुझावहरु रहेको पत्र संख्या Div-१०/०८१-८२ चलानी नं. ३२७९२ र ३२७९५ का पत्रहरु यसै साथ संलग्न राखी पठाइएको छ। संलग्नानुसारका सुझावहरु कार्यान्वयन गर्ने र आफू अन्तर्गतको निकायमा पठाई सो को जानकारी आयोगमा र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत पठाउने व्यवस्था हुन आदेशानुसार अनुरोध गर्दछु।

२०८१/०९/२८

(ज्योती पौडेल)

शाखा अधिकृत

**बोधार्थ:**

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं ।

**प्रशासन महाशाखा**

दर्ता नं.:- ६१२

दर्ता मिति:- २०८१/१०/६

श्री ... शाखा

आवश्यक कार्यार्थ

२०८१/१०/६

टेलिफोन : ४२११०००, ४२११०२५, ४२११०१४, पो.ब.नं. २३३१२, काठमाडौं, नेपाल

ई-मेलः info@opmcm.gov.np

वेब साईट: http://www.opmcm.gov.np

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

पत्र संख्या : DIP-10/०८१/८२
चलानी नं :- ३२६९३

मिति: २०८१/०९/१४

विषयः सुझावहरू पठाईएको।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं ।

यस आयोगको संवैधानिक जिम्मेवारी बमोजिम सार्वजनिक निकायबाट हुने विकासात्मक कार्यहरू तथा सेवा प्रवाहको क्रममा हुने अनियमितता र भ्रष्टाचारका उजुरीहरूको छानबिन/अनुसन्धानको सिलसिलामा जानकारीमा आएका तथ्यहरूको आधारमा नेपाल सरकारका विभिन्न मन्त्रालयहरू, सार्वजनिक संस्थानहरू, बोर्ड, विभाग एवं विभिन्न निकायसँग छलफल एवं सहजीकरण गरी सुझावहरु दिँदै आइएको छ।

यसै सन्दर्भमा मिति २०८१ कार्तिक २८ र २९ गते आयोगका पदाधिकारी र नेपाल सरकारका मुख्य सचिव, सचिवहरू, प्रदेश सरकारका प्रमुख सचिव र विभागीय प्रमुखहरू समेत सहभागी रहेको **"सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्यहरूको प्रभावकारिता"** विषयक अन्तरक्रियामा छलफल भए अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ (१) बमोजिम आयोगबाट दिइएका सुझावहरू यसैसाथ संलग्न छन्। उक्त सुझावहरू सम्बन्धित सबै मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने व्यवस्था हुन आयोगको मिति २०८१ पौष ११ को निर्णयानुसार अनुरोध छ।

२०८१/०९/१४

(नरहरि घिमिरे)
सहसचिव

प्रशासकीय मामिला सचिवालय
दर्ता नं ९०९३
मिति २०८१/०९/२६

**सादर अवगतार्थ:-**

माननीय प्रमुख आयुक्तज्यूको सचिवालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग।
माननीय आयुक्तज्यूहरूको सचिवालय (सबै), अख्तियार दुरुपयोग अनुसन्धान आयोग।
श्रीमान् सचिवज्यूको सचिवालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग।

**बोधार्थ:-**

श्री महाशाखा प्रमुखज्यू (सबै महाशाखा), अख्तियार दुरुपयोग अनुसन्धान आयोग।
श्री कार्यालय प्रमुखज्यू, (सबै कार्यालय), अख्तियार दुरुपयोग अनुसन्धान आयोग।
श्री सूचना प्रविधि शाखा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पत्र कार्यालय स्वचालन प्रणालीमा अपलोड गरिदिनुहुन।

फोन नं.: ०१-५२६२१६०/१५१/०८८, टोल फ्रि [illegible], फ्याक्स नं.: १०७, पो. बक्स नं. [illegible]
Web: www.ciaa.gov.np [illegible]

आयोगका पदाधिकारीहरू र नेपाल सरकारका मुख्य सचिव, सचिवहरू तथा विभागीय प्रमुखहरूसँग सुशासन, सेवा प्रवाह र विकास निर्माणको प्रभावकारिता कायम गर्ने सम्बन्धमा मिति २०८१ कार्तिक २८ र २९ गते भएको अन्तर्क्रियामा प्रस्तुत भएका सवालहरू र छलफलमा उठेका विषयहरू समेत समेटी आयोगबाट दिइएका सुझावहरू:

१. सङ्घ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारी सम्बन्धी कानुनहरूमा रहेका अस्पष्टताको कारणले कार्यसम्पादनमा जटिलता रहेका क्षेत्र पहिचान गरी अस्पष्ट, बाझिएका, दोहोरिएका र असान्दर्भिक कानुनहरूको नेपाल सरकारबाट कार्यदल गठन गरी समसामयिक पुनरावलोकन गर्न उपयुक्त हुने।

२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सार्वजनिक सेवाको प्रकृति, वृत्ति विकास, संगठन एवं पदसोपान र सेवा प्रवाहको आवश्यकता समेतलाई विचार गरी सङ्घ, प्रदेश र स्थानीय सरकारको संगठन संरचना एवं दरबन्दी सम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने। कर्मचारीलाई जिम्मेवारीविहीन अवस्थामा राख्ने र कार्यबोझ बढी हुने कार्यालयमा दरबन्दी रिक्त राख्ने प्रवृत्तिको तत्काल अन्त्य गर्ने।

३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नेतृत्व र सेवा सञ्चालन गर्ने निकायको समन्वयमा प्रशासनिक सङ्घीयतालाई थप सेवा प्रवाहमुखी र नागरिकमैत्री बनाउन कर्मचारी समायोजनका अपूर्णता एवं समस्याहरू पहिचान गरी शीघ्र सम्बोधन गर्ने।

४. कार्यसम्पादनमा, जिम्मेवारी र सुशासन अभिवृद्धि गर्न तीनै तहका सरकारका प्रशासकीय अधिकारी (सचिव वा सो सरह, महानिर्देशक, कार्यालय प्रमुख प्रशासकीय अधिकृत आदि) को प्रचलित कानुनले स्पष्ट कार्यक्षेत्र तोकेको विषयमा नीतिगत भनी नेपाल सरकार, मन्त्रिपरिषद्, प्रदेश मन्त्रिपरिषद् वा स्थानीय तहको सभाबाट निर्णय गराउने कार्य तत्काल बन्द गर्ने। प्रशासनिक निर्णयहरू प्रशासनिक तहबाटै गर्ने गराउने।

५. निजामती सेवा ऐन/नियमावली र स्वास्थ्य सेवा ऐन/नियमावलीमा तोकिएको अवधि नपुगी कर्मचारीको सरुवा नगर्ने। स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत एकमुष्ट रूपमा सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सरुवा गर्ने र प्रदेश स्तरबाट नै निजहरूलाई सम्बन्धित स्थानीय तहमा दुई वर्षको लागि तोकेर कामकाज गर्न पठाउन आवश्यक प्रबन्ध गर्ने।

६. सार्वजनिक प्रशासनमा विषय क्षेत्रगत विज्ञताको विकास गर्न, सम्बन्धित मन्त्रालय/निकायको काम कारवाहीको संस्थागत स्मरण (Institutional Memory) को स्थायित्व सुनिश्चित गर्न, कर्मचारीले स्वदेशी तथा विदेशी अध्ययन, तालिम, गोष्ठीबाट सिकेका सीप र ज्ञानको सम्बन्धित निकायमा उपयोग गरी उत्कृष्ट परिणाम दिन र

मन्त्रालय तथा निकायमा कार्यरत कर्मचारीलाई सम्बन्धित क्षेत्रको काममा नै जिम्मेवार तथा जवाफदेही बनाई कार्यसम्पादनमा उत्कृष्टता ल्याउन मन्त्रालयगत/आयोगगत कर्मचारी (Ministerial Cadre/Commission Cadre) को अवधारणा अनुरूप सेवा/समुहको व्यवस्था गर्न आवश्यक कानुन संशोधन गर्ने व्यवस्था प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालयले मिलाउन उपयुक्त हुने।

७. हरेक सार्वजनिक निकायले संरक्षण गर्नुपर्ने र धुल्याउन मिल्ने कागजात वर्गीकरण गरी, संरक्षण गर्नुपर्ने कागजातलाई Digitized गर्ने र अनावश्यक कागजात धुल्याउने तथा अनावश्यक सामग्री लिलाम गर्ने कार्यलाई अभियानको रूपमा अघि बढाउने।

८. आयोगले भ्रष्टाचारको मुद्दा दायर गरी मुद्दाको अन्तिम किनारा समेत भई नेपाल सरकारको नाममा आउनुपर्ने सम्पत्तिको लामो समयसम्म अभियुक्तको स्वामित्वमा रहनु पर्ने शासकीय प्रवन्धमा गम्भीर कमजोरी हो। अतः न्यायालयसंग समेत आवश्यक समन्वय गरी उक्त सम्पत्तिहरू शीघ्र नेपाल सरकारको नाममा आउने व्यवस्था गर्न कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग मार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले गर्ने ।

९. विगत केही वर्ष देखि सार्वजनिक वित्तमा बढ्दो दबावले गर्दा नेपाल सरकारले नयाँ सवारी साधन खरिद नगर्ने नीति लिएको, सरकारी कार्यालयहरूमा सवारी साधनको अभाव रहेको तथा भएका सवारी साधन पनि पुरानो भएको अवस्था छ। राजस्व अनुसन्धान विभाग, भन्सार कार्यालयहरू एवं ट्राफिक प्रहरी कार्यालय अन्तर्गत वर्षेनी ठूलो सङ्ख्यामा दुई-पाङ्ग्रे/चार-पाङ्ग्रे सवारी साधन पक्राउ हुने र अलपत्र अवस्थामा रहिरहने गरेका छन्। यसमा तत्काल आवश्यक कानुनी व्यवस्था गरी निश्चित अवधिभित्र सम्बन्धित सवारी धनीले दावी पेश नगरेमा आवश्यक परेका निकायलाई कर छुट दिई सवारी साधन प्रदान गर्ने र बाँकि रहेका सवारी साधन लिलाम गर्ने गरेमा सरकारी कार्यालयलाई सवारी साधन खरिद गर्न बजेट दिन नपर्ने एवं प्रयोगविहीन रहेर बिग्रने सवारी साधनको उपयोग हुन गई राजस्व वचत समेत हुने हुँदा सो को लागि आवश्यक कानुनी व्यवस्था प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको समन्वयमा अर्थ मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले मिलाउने।

१०. सार्वजनिक पदमा रहने सवारी साधन सुविधा प्राप्त गर्ने पदाधिकारीले कति र कस्तो सवारी साधन सुविधा प्राप्त गर्ने हो, इन्धन/मर्मत खर्च समेतको अर्थ मन्त्रालयबाट स्पष्ट मापदण्ड तयार गरी आर्थिक अनुशासन कायम गर्ने। आवधिक रूपमा नियुक्त

हुने व्यवस्थापकीय पदमा कार्यरत पदाधिकारीलाई सवारी साधन र इन्धनको सट्टा यातायात सुविधा वापत रकम दिने कार्यलाई प्रोत्साहन गर्ने।

११. सङ्घ, प्रदेश र स्थानीय तहका राजनैतिक र प्रशासनिक पदाधिकारीको अत्यधिक वैदेशिक भ्रमणले सार्वजनिक खर्च, सेवा प्रवाह र नागरिक स्तरमा समेत नकारात्मक प्रभाव परेकोले स्पष्ट उद्देश्य, निर्धारित उपलब्धि, समान तहको निमन्त्रणा र आवश्यकता समेतका आधारमा मात्र भ्रमणमा जाने गरी व्यवस्थित गर्ने। भ्रमणबाट फर्किएपछि अध्ययन वा अवलोकनमा सिकेका विषय अनिवार्य रूपमा प्रतिवेदन गर्ने व्यवस्था मिलाउने। कूटनीतिक र सरकारी राहदानीको प्रयोग निजी भ्रमणमा नगरी मुलुकको प्रतिनिधित्व गर्ने काममा मात्र गर्ने।

१२. तीनै तहका सरकारबीच दोहोरो नपर्ने गरी निर्धारित आधार र मापदण्डमा रहेर समन्वयात्मक रूपले मात्र प्राथमिकता निर्धारण गरी आयोजना तर्जुमा गर्ने व्यवस्था गर्न हाल प्रयोगमा रहेका परियोजना बैङ्क प्रणालीलाई नेपाल सरकार र प्रदेश सरकारहरूले एकीकृत रूपमा प्रयोग गर्न सक्ने गरी अन्तर-आवद्धता सुदृढ र अद्यावधिक (update) गर्ने। पूर्व-सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन (DPR) भएका आयोजना मात्र आयोजना बैंकमा राख्ने, आयोजना बैंकमा भएका आयोजनामा बजेट विनियोजन हुने व्यवस्था गर्न उपयुक्त हुने ।

१३. राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र सम्बन्धित मन्त्रालयको समन्वयमा रुग्ण आयोजना, वहुवर्षीय आयोजना र लागत अनुमान भन्दा अत्यधिक न्यून विनियोजन रहेका आयोजनाको सम्बन्धमा अध्ययन गरी कार्यान्वयन योग्य आयोजनाको उचित संख्या निर्धारण गरी कार्यान्वयन गर्न उपयुक्त हुने।

१४. तीन तहकै सरकारको लागि एकरूपता कायम हुने गरी नेपाल सरकारको विषयगत मन्त्रालयले समन्वय गरी सार्वजनिक निर्माण तथा मर्मतको नर्म्स तर्जुमा गर्ने। निर्माणकार्यमा नवीनतम प्रविधिको प्रयोग हुने गरी स्पेसिफिकेसन र नर्म्स तयारी गर्ने। सडकको ग्राभेल, पिच, सडकको गुणस्तर, प्रत्येक वर्ष ह्रास हुने परिमाण, टिकाउ हुने अवधि आदिको बारेमा समेत एकरूपता कायम गर्ने गरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको पहलमा मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउन उपयुक्त हुने।

१५. विकास सम्बन्धी मन्त्रालयहरूले परामर्श सेवा खरिदको मापदण्ड निर्धारण तथा परामर्शदातालाई जिम्मेवार बनाउन Professional Liability Insurance निर्देशिका तयार गर्ने। परामर्शदाताको गलत डूइङ्ग-डिजाइनबाट कार्य सम्पादनमा नकारात्मक प्रभाव परी सरकारी हानी-नोक्सानी भएमा परामर्शदाताबाट नै असुल-उपर गर्ने गरी कार्यसम्पादन सम्झौतामा व्यवस्था गर्ने। अनावश्यक आयोजनाहरूको समेत विस्तृत

आयोजना प्रतिवेदन (DPR) बेराउन परामर्शदाता नियुक्त गरी प्रतिवेदन लिने तर, ती प्रतिवेदन कार्यान्वयनमा नल्याई थन्काएर राख्ने प्रवृत्तिको अन्त्य गर्ने।

१६. रासायनिक मलको अभाव हुन नदिन र कृषकलाई मल समयमै उपलब्ध गराउने व्यवस्थाका लागि रासायनिक मल खरिदमा लाग्ने समय घटाउने र प्रतिस्पर्धात्मक एवं मितव्ययी खरिद व्यवस्था मिलाउने गरी कार्यतालिका (Calendar of Operation) बनाई कृषि तथा पशुपंक्षी मन्त्रालयले कानुनी एवं प्रक्रियागत सुधार गर्ने।

१७. जुनसुकै प्रकारको अनुदानको पारदर्शी पद्धति विकास गर्न उत्पादनलाई प्रोत्साहन गर्ने, सामुहिक खेतीलाई उत्पादन मैत्री बनाउने र अनुदानमा दोहोरोपन हटाउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्रदेश र स्थानीय तह समेतको समन्वयमा एकीकृत राष्ट्रिय मापदण्डको विकास गर्ने।

१८. सरकारी/सार्वजनिक निकायहरूले बजेट विनियोजन भएकै कारण केन्द्रियस्तरबाट समेत स्वास्थ्य, सूचना प्रविधि र मुद्रण लगायतका उपकरण र सामग्रीहरू खरिद गर्ने तर, लामो समयसम्म प्रयोग नगरी राख्ने, हस्तान्तरण गर्ने प्रवृत्तिको अन्त्य गर्न खरिद गरिने सामग्रीको आवश्यकता, सो को उपयोगिता र सञ्चालन गर्न सक्ने दक्ष जनशक्तिको सुनिश्चितता गरेर मात्र खरिद गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने।

१९. कुनै खास व्यक्ति/फर्मलाई अवसर दिने उद्देश्य राखी सम्बन्धित निकायको आन्तरिक जनशक्तिबाट नै सम्पन्न हुन सक्ने कार्यहरूको लागि समेत परामर्श सेवा खरिद गर्ने प्रवृत्तिको अन्त्य गर्न तथा परामर्श सेवा खरिद गरेको विषयका सम्बन्धमा परामर्शदातालाई जिम्मेवार बनाउन सार्वजनिक खरिद अनुगमन कार्यालयले यस सम्बन्धी राष्ट्रिय मापदण्ड निर्माण गरी लागू गर्न उपयुक्त हुने।

२०. वन तथा वातावरण मन्त्रालयबाट वातावरणीय प्रभाव मूल्यांकन (EIA) गर्दा विकासलाई प्राथमिकता दिई निर्णय गर्दा समय सीमा तोकेर निर्णयमा सहजीकरण गर्ने। वन क्षेत्रमा काठ कुहिने र खेर जाने तर, मुलुकमा आवश्यक पर्ने काठ आयात हुने गरेको देखिएकोले वातावरण संरक्षण र वन पैदावारको उपयोगका सम्बन्धमा सन्तुलन हुने गरी आवश्यक व्यवस्था मिलाउने।

२१. यथार्थपरक विश्लेषण र औचित्यको आधारमा उपयुक्त सूचना प्रविधि प्रणालीको छनौट, विकास, खरिद र उपयोग गर्ने व्यवस्था मिलाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको नेतृत्वमा यस सम्बन्धी लागत अनुमान, निर्धारणको आधार, Source Code सम्बन्धी व्यवस्था (सम्भव भएसम्म Source Code लिने र सम्भव नभएमा सफ्टवेयरको Customization, Modification र Up-gradation को प्रत्याभूति गर्ने), सञ्चालन र नियमित मर्मत सम्भार सम्बन्धी व्यवस्था संलग्न गरी शीघ्र मापदण्ड तयार गर्ने।

२२. राष्ट्रिय परिचयपत्रको आवद्धता वृद्धि गर्दै सबै सरकारी भुक्तानी क्रमशः अनिवार्य रूपमा विद्युतीय माध्यमबाट गर्ने गरी भुक्तानी प्रणाली रूपान्तरण गर्ने। एकै प्रकृतिका कार्यका लागि धेरै निकायले छुट्टाछुट्टै सफ्टवेयर खरीद गर्ने कार्य वन्द गरी सूचना तथा सञ्चार प्रविधि मन्त्रालय वा कुनै एउटा निकायबाट एकीकृत सफ्टवेयर निर्माण गरी सबैले त्यसको उपयोग गर्ने व्यवस्था मिलाउने।

२३. प्रदेश र स्थानीय सरकारको समन्वयमा नदीजन्य पदार्थको उत्खनन् सम्बन्धमा कार्यान्वयनयोग्य स्पष्ट मापदण्ड निर्माण र कार्यान्वयनको कार्य सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्ने। साथै, प्राकृतिक स्रोतको बिक्रीबाट प्राप्त आय गाउँ/नगर कार्यपालिकाको निर्णयबाट राजस्व छुट दिने कार्यको अन्त्य गर्ने।

२४. वन क्षेत्रको जग्गा कानुन विपरीत लिजमा दिने, जग्गाको हक भोग नलिई सार्वजनिक निर्माण गर्ने, तोकिएको मापदण्ड र शर्त विपरीत खानी सञ्चालन गर्ने जस्ता कार्य तत्काल रोक्ने। यस सम्बन्धमा वन तथा वातावरण मन्त्रालय र खानी विभागले आवश्यक मापदण्ड तयार गरी कार्यन्वयनमा ल्याउने।

२५. राष्ट्रिय निकुञ्ज र वन क्षेत्रबाट बग्ने नदिबाट ढुंगा, गिट्टी, बालुवा आदि नदीजन्य पदार्थ अनन्तकालसम्म ननिकाल्दा सो क्षेत्रका नदी/खोलाको सतहमा अधिक उकास हुने र सो को कारण नदी/खोलाभन्दा बाहिर पानीको ओभरफ्लो भई पुल-पुलेसा, सडक, बस्ती समेतमा असर पुऱ्याउने हुँदा त्यसको नियन्त्रणका लागि अधिक उकास भएका नदी/खोलाबाट नदीजन्य पदार्थ कति निकाल्ने भन्ने विषयमा वन तथा वातावरण मन्त्रालय, सम्बन्धित मन्त्रालय र स्थानीय तहसमेतको सहमती र सहकार्यमा सो को व्यवस्थापन गर्ने गरी एक मापदण्ड बनाई कार्यान्वयनमा ल्याउने।

२६. सार्वजनिक तथा सरकारी जग्गा र वन क्षेत्रको संरक्षणको लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र गृह मन्त्रालयको समन्वयमा एकीकृत कार्ययोजना बनाई कार्य अघि बढाउने। हदबन्दीभन्दा बढी भनी निर्णय भइसकेका सार्वजनिक जग्गाहरू भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले अविलम्ब सरकारको नाममा ल्याई संरक्षणको व्यवस्था गर्ने।

२७. खाद्यवस्तु र औषधिको गुणस्तर कायम गर्न वाणिज्य विभाग, औषधि व्यवस्था विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र स्थानीय तहबाट संयुक्त रूपमा प्रभावकारी बजार अनुगमन गर्ने व्यवस्था मिलाउने।

२८. सङ्घ/प्रदेश/स्थानीय सरकारले विभिन्न व्यक्तिहरूको नाममा प्रतिष्ठान स्थापना गरी बजेट विनियोजन गर्ने गरेको र यसबाट राज्यको श्रोत दुरुपयोग भएको हुँदा व्यक्तिको

नाममा प्रतिष्ठान खोल्ने र बजेट उपलब्ध गराउने सम्बन्धमा एक राष्ट्रिय मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने।

२९. संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारको कार्यक्षेत्रमा परेको कार्यहरूमा स्पष्ट जिम्मेवारी नतोकिंदा काम पन्छाउने र निर्णयमा ढिलाई हुने गरेको गुनासो वृद्धि भएका छन्। यस्ता क्षेत्र पहिचान गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नेतृत्वमा तहगत सरकारसंग समन्वयात्मक रूपले कार्यसम्पादनको व्यवस्था हुन उपयुक्त हुने देखिन्छ। उदाहरणको लागि वन ऐन, २०७६ मा वन व्यवस्थापन, अतिक्रमण नियन्त्रण र अर्धन्यायिक लगायतको कार्यका लागि नेपाल सरकारले तोकेको डिभिजनल वन अधिकृत हुनुपर्ने भनी उल्लेख भएको छ। तर, वन सम्बन्धी संरचना र जनशक्ति प्रदेश सरकार मातहत रहेको छ। संघबाट डिभिजनल वन अधिकृत प्रदेशमा समायोजन गर्दा जिम्मेवारी सहित नतोकिदिएको कारणले वन व्यवस्थापन, अतिक्रमण नियन्त्रण र अर्धन्यायिक लगायतका कार्य हुन नसकेको अवस्था छ। अतः यस्ता विषयमा नेपाल सरकारले उपयुक्त र स्पष्ट निकास दिने गरी निर्णय गर्न उपयुक्त हुने।

३०. नेपालभर कृषि उत्पादन र कृषकलाई वन्यजन्तुबाट क्षति पुगेको घटनाहरू वृद्धि भएको र कृषकले यसको क्षतिपूर्ति नपाएको भन्ने गुनासोहरू प्राप्त भइरहेको सन्दर्भमा वन्यजन्तु-मानव द्वन्द्व न्यूनीकरण गर्न, खेतिबाली नष्ट हुन नदिन र किसानहरू कृषि पेशाबाट नै बिमुख हुने अवस्था न्यूनीकरण गर्न वन तथा वातावरण मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयले संयुक्त रूपमा आवश्यक कानुनी सुधार सहितको प्रबन्ध गरी वन्यजन्तु (जस्तै बाँदर, बँदेल, दुम्सी आदि) को शीघ्र उचित व्यवस्थापन गरी कृषि र कृषकमैत्री नीति अबलम्बन गरी कृषि उत्पादन वृद्धि हुने वातावरण तयार गर्ने।

३१. सरकारी/सार्वजनिक निकायले आयोगमा उजुरी परेपछि ठेक्का प्रक्रिया बीचमै रोक्ने, नापजाँच र मूल्याङ्कन नगर्ने, भुक्तानी रोक्ने जस्तो प्रवृत्ति देखिएको छ। सार्वजनिक खरिद ऐनको प्रावधान अनुसार सम्बन्धित सार्वजनिक निकायमा, सार्वजनिक खरिद अनुगमन कार्यालयमा एवं पुनरावलोकन समितिमा उजुरी/निवेदन नै नगरी आयोगमा उजुरी परेकोमा त्यस्ता उजुरीलाई तामेली राखी लगत कट्टा गर्ने व्यवस्था गरिएको छ। यसर्थ, सबै सार्वजनिक निकायबाट सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुनी व्यवस्था अवलम्बन गर्ने र खरिद प्रकृयाका सम्बन्धमा प्राप्त गुनासो कानुनबमोजिम अविलम्ब सम्बोधन हुने व्यवस्था मिलाउने। साथै, आयोगले गम्भीर प्रकृतिका अनुसन्धानमा किटान गरी कुनै काम नगर्ने/नगराउने भनी लिखित निर्देशन दिएको अवस्थामा बाहेक सबै कार्यलाई निरन्तरता दिने।

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

पत्र संख्या : DIV-10/081/82
चलानी नं. :- 32652

मिति: २०८१।०९।२१
११४८ स्वेहलाध्व: ६

विषयः <u>सुझावहरू पठाईएको</u>।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं ।

यस आयोगको संवैधानिक जिम्मेवारी बमोजिम सार्वजनिक निकायबाट हुने विकासात्मक कार्यहरू तथा सेवा प्रवाहको क्रममा हुने अनियमितता र भ्रष्टाचारका उजुरीहरुको छानबिन/अनुसन्धानको सिलसिलामा जानकारीमा आएका तथ्यहरूको आधारमा नेपाल सरकारका विभिन्न मन्त्रालयहरू, सार्वजनिक संस्थानहरू, बोर्ड, विभाग एवं विभिन्न निकायसँग छलफल एवं सहजीकरण गरी सुझावहरु दिँदै आइएको छ।

यसै सन्दर्भमा मिति २०८१ मंसिर २ गते आयोगका पदाधिकारी र नियामक निकायहरु तथा सार्वजनिक संस्थानका प्रमुखहरुबीच भएको **"सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्यहरूको प्रभावकारिता"** विषयक अन्तरक्रियामा छलफल भए अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ (१) बमोजिम आयोगबाट दिइएका सुझावहरू यसैसाथ संलग्न छन्। उक्त सुझावहरू सम्बन्धित नियामक निकायहरू तथा सार्वजनिक संस्थानहरूमा पठाउने व्यवस्था हुन आयोगको मिति २०८१ पौष ११ को निर्णयानुसार अनुरोध छ।

शासकीय मामिला सचिवालय
दर्ता नं. 1054
मिति: २०८१/०९/२६

२०८१/०९/२१
(नरहरि घिमिरे)
सहसचिव

**<u>सादर जानकारीर्थ:-</u>**

माननीय प्रमुख आयुक्तज्यूको सचिवालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग।
माननीय आयुक्तज्यूहरूको सचिवालय (सबै), अख्तियार दुरुपयोग अनुसन्धान आयोग।
श्रीमान् सचिवज्यूको सचिवालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग।

**<u>बोधार्थ:-</u>**

श्री महाशाखा प्रमुखज्यू (सबै महाशाखा), अख्तियार दुरुपयोग अनुसन्धान आयोग।
श्री कार्यालय प्रमुखज्यू, (सबै कार्यालय), अख्तियार दुरुपयोग अनुसन्धान आयोग।
श्री वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार ।
श्री सूचना प्रविधि शाखा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पत्र कार्यालय स्वचालन प्रणालीमा अपलोड गरिदिनुहुन।

आयोगका पदाधिकारीहरू र नेपाल राष्ट्र बैंकका गभर्नर, नियामक निकाय र सार्वजनिक संस्थानका प्रमुखहरूसँग सुशासन, सेवा प्रवाह र विकास निर्माणको प्रभावकारिता कायम गर्ने सम्बन्धमा मिति २०८१ मंसिर २ गते भएको अन्तर्क्रियामा प्रस्तुत भएका सवालहरू र छलफलमा उठेका विषयहरू समेत समेटी आयोगबाट दिइएका सुझावहरू:

१. निजी क्षेत्रसँग प्रतिष्पर्धा गर्नुपर्ने सार्वजनिक संस्थानको कामको प्रकृतिको आधारमा खरिद सम्बन्धी फरक व्यवस्था गरी सार्वजनिक संस्थानलाई प्रतिष्पर्धी बनाउने वातावरण तयार गर्ने।

२. सार्वजनिक संस्थानहरूले आफ्नो व्यावसायिक कार्यसम्पादन, आर्थिक तथा वित्तीय क्षमता, कार्य प्रकृति, आवश्यकता र औचित्यको आधारमा भविष्यको दायित्वको उचित व्यवस्थापन गरेर मात्र कर्मचारीहरुलाई थप सेवा, सुविधा, लाभांश, आदि दिने व्यवस्था मिलाउने।

३. लेखापरीक्षण बक्यौता रहेका सार्वजनिक संस्थानहरूले सबै बक्यौता लेखापरीक्षण समयमै सम्पन्न गरी आर्थिक उत्तरदायित्व निर्वाह गर्ने, संस्थानहरूमा रहेको बेरुजू फर्छ्यौटमा तदारूकता देखाई शुन्य बेरुजू गराउने। नियामक निकाय तथा तालुक मन्त्रालयले नियमित लेखापरीक्षण नगर्ने संस्थानहरूलाई वित्तीय तथा प्रशासनिक कडाई गरी कारवाही गर्ने, त्यस्ता संस्थानको कार्यकारी प्रमुखलाई आर्थिक तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा कानुनबमोजिम जिम्मेवार बनाउने।

४. सार्वजनिक संस्थानमा रहेका खरिद कार्यमा प्रतिष्पर्धा सीमित तुल्याउने गरी स्पेसिफिकेसन तयार गर्ने, आयोजना टुक्रा-टुक्रा पार्ने, Bulk Bundle खरिद गर्ने गरी Tender गरेर स्थानीय र नेपाली आपूर्तिकर्ता/उत्पादकले प्रतिस्पर्धामा सहभागी हुन नसक्ने जस्ता वेथितीको अन्त्य गर्दै सबै सार्वजनिक निकायहरूले प्रत्येक खरिद कार्यलाई पारदर्शी र प्रतिस्पर्धी बनाउने।

५. औद्योगिक क्षेत्रहरूमा जुन प्रयोजनका लागि जग्गा लिजमा लिएको हो, सो बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्ने, लामो समयसम्म ओगटेर राख्ने (होल्ड गर्ने), अर्कोलाई भाडामा दिने, उत्पादनशील उद्योग बाहेक अन्य प्रयोजनमा समेत लिजमा दिने जस्ता गलत प्रवृत्ति देखिएकोले यस्तो प्रवृत्ति अन्त्य गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले सम्झौतित पक्षलाई कानुनी कारवाही गरी उद्योग सञ्चालनका लागि मात्र औद्योगिक क्षेत्रको जग्गा प्रयोग गर्ने व्यवस्था कार्यान्वयन गर्ने।

६. नेपाल विद्युत प्राधिकरणबाट विद्युतीय तार भूमिगत गर्ने कार्यमा ढिलाई भएकोले उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सम्बन्धित अन्य निकाय, सडक विभाग र काठमाडौं महानगरपालिका समेतको समन्वय र सहयोगमा कार्य सम्पादनमा शीघ्रता ल्याउने।

७. वायुसेवा प्रदायकहरूले माग वृद्धिको फाइदा उठाउन कार्टेलिङ्ग र सिन्डिकेट गरी अत्यधिक भाडा लिने गरेकोले उक्त प्रवृत्तिको अन्त्य गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको अग्रसरतामा सम्बन्धित निकायले प्रभावकारी नियमन र निगरानी गर्ने।

८. काठमाडौं उपत्यकामा मेलम्चीको खानेपानी वितरणलाई नियमित र निरन्तर बनाउने। खानेपानीका पुराना पाइपलाइनको समेत शीघ्र मर्मत सम्भार तथा क्षमता नपुग्ने पाइपलाइन प्रतिस्थापन गरी खानेपानी मन्त्रालयको अग्रसरतामा काठमाडौं उपत्यका खानेपानी लिमिटेडले सम्बद्ध निकायहरुको समन्वय र सहयोगमा खानेपानीको सहज आपूर्ति सुनिश्चित गर्ने।

९. स्मार्ट सिटी, बाहिरी चक्रपथ आदि निर्माणका नाममा लामो समयदेखि व्यक्तिको जग्गा रोक्का राखिएको तर, आयोजना निर्माण कार्य अगाडि बढ्न नसकेको अवस्थामा उक्त जग्गा रोक्का राख्नुपर्ने/नपर्ने सम्बन्धमा सहरी विकास मन्त्रालयले शीघ्र निर्णयमा पुगी उक्त समस्याको उचित सम्बोधन गर्ने।

१०. सम्बन्धित निकायबाट अनुमति नै नलिई जग्गा प्लटिङ गर्ने तथा खण्डीकरण गर्ने प्रवृत्तिलाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सम्बन्धित स्थानीय तहहरूले नियन्त्रण गर्ने।

११. यन्त्र, उपकरण, सामग्री, सफ्टवेयर, कच्चा पदार्थ आदि खरिद गर्दा सम्बन्धित निकायले उक्त सामग्रीको आवश्यकता र उपलब्धता पछि तत्काल संचालन हुन सक्ने सुनिश्चितता गरेर मात्र खरिद गर्न उपयुक्त हुने।

१२. सबै सार्वजनिक निकायहरूले प्रत्येक आर्थिक वर्षको जिन्सी निरीक्षण प्रतिवेदनका आधारमा लिलाम गर्नुपर्ने यन्त्र, उपकरण लगायतका जिन्सी मालसामान प्रचलित कानून बमोजिम समयमै लिलाम गर्ने, गराउने।

१३. सबै सार्वजनिक निकायहरूले संरक्षण गर्नुपर्ने र धुल्याउन मिल्ने कागजात वर्गीकरण गरी संरक्षण गर्नुपर्ने कागजातलाई Digitized गर्ने र अनावश्यक कागजात धुल्याउने तथा अनावश्यक सामग्री लिलाम गर्ने कार्यलाई अभियानको रूपमा अघि बढाउने।